नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११] काठमाडौं माघ २६ गते २०१८ साल [अतिरिक्तांक ४१

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित नियमहरू बनाइएको छः—

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यी नियमहरूको नाम "सरकारी मुद्दा सम्बन्धी नियमावली २०१८" रहेको छ।

(२) यो नियमावली संवत् २०१८ साल फागुन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा र व्याख्याः— (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा—

(क) "ऐन" भन्नाले सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ सम्झनुपर्छ।

(ख) "फौज्दारी मुद्दा" भन्नाले सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को अनुसूची १ मा लेखिएबमोजिमको कुनै मुद्दा सम्झनुपर्छ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "देवानी तथा स्रेस्ता सम्बन्धी मुद्दा" भन्नाले सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को अनुसूची २ मा लेखिएबमोजिमको कुनै मुद्दा सम्झनुपर्छ ।

(घ) "फौज्दारी मुद्दाको अपराधका सम्बन्धमा सरजमीन" भन्नाले नियम ४(२) बमोजिमको र "मौका तहकीकात" भन्नाले नियम ५(६) बमोजिमको काम सम्झनुपर्छ र "तहकीकात" शब्दले सरजमीन, मौका तहकीकात र अन्य सबूद प्रमाण संकलन गर्ने कामसमेत जनाउँछ ।

(ङ) "गभर्नमेण्ट प्लीडर" भन्नाले असिष्टेंट गभर्नमेंट प्लीडरसमेत सम्झनुपर्छ ।

(च) "पब्लिक प्रसिक्यूटर" भन्नाले असिष्टेंट पब्लिक प्रसिक्यूटरसमेत सम्झनुपर्छ ।

(छ) "अनुसूची" भन्नाले यो नियमावलीको अनुसूची सम्झनुपर्छ ।

(२) यस नियमावलीको व्याख्यामा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० प्रयोग गरिनेछ ।

३. फौज्दारी मुद्दा सम्बन्धी अपराधबारे दरखास्त दिने लिने:- (१) कुनै फौज्दारी मुद्दा सम्बन्धी अपराधबारे दरखास्त ऐनको दफा ३(१) बमोजिम दिंदा लिंदा अनुसूचीमा तोकिएको फाराम नं. १ को ढांचामा लेखिदिनु वा लेखाइ लिनुपर्छ । त्यस्तो दरखास्त गर्ने व्यक्तिलाई सो फाराम ढांचा बमोजिमको भरपाई दिई तुरुन्त फूर्सत दिनुपर्छ ।

(२) कसैले उपनियम (१) बमोजिमको दरखास्त पुलिस चौकी वा ठानामा आफैं आएर नदिई हुलाकद्वारा वा कुनै मानिसका हात पठाएमा सम्बन्धित चौकी वा ठानाका मुख्य कर्मचारीले उक्त फाराम ढांचा बमोजिमको भरपाई हुलाकद्वारा वा दरखास्त ल्याउने मानिसको हात दिपईठाउनुपर्छ ।

(३) उपनियम (२) अन्तर्गत आएको दरखास्त अनुसूचीमा तोकिएको फाराम नं. १ को ढांचा बमोजिमको नभए पनि लिनुपर्छ र सो ढांचाको रीत बमोजिम खुलाउनुपर्ने कुरा खुलाउनलाई तुरुन्त अवस्था विचार गरी दरखास्त गर्ने व्यक्तिकहां गई वा निजलाई झिकाई ठाडो कागज गराउनु पर्छ ।

४. सरजमीन सम्बन्धी कार्यविधि:-(१) नियम ३ बमोजिम कारवाइ गरेपछि पर्न आएको केशको व्यहोराबाटै जरूरी भई तुरुन्त सरजमीन गर्नुपर्नेमा सोही बमोजिम र सोबाहेक अरूमा व्यहोरा बुझ्न तत्काल सुराक लगाउँदा अपराध भएको थाहा हुनासाथ तुरुन्त सम्बन्धित पुलिस कर्मचारीले नियम ७ बमोजिम आफू जान पाउनेमा आफूले र त्यसरी आफू जान नपाउनेमा सम्बन्धित पुलिस कर्मचारीलाई खबर गरी सम्बन्धित पुलिस

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारीले सम्बन्धित पब्लिक प्रसिक्यूटरलाई लिई बाटाको म्याद बाहेक बरखास्त परेको साधारणतया चौबीस घण्टाभित्र सकभर चांडो अपराध भएको भनेको ठाउँमा अभियुक्तसंग सम्बन्धित ठाउँमा पुग्नुपर्छ।

(२) उपनियम (१) बमोजिमको ठाउँमा पुगेपछि सो ठाउँ र नजिकका जिमीदार, पटवारी, तालुकदार, जिम्मावाल, थरी, मुखिया, द्वारे, मिझार, राइपगरी, गाउँपञ्चायत वा नगरपालिकाका सदस्य र अरू सर्वसाधारण जनतासमेतमा पाइएका र उपस्थित भएसम्मका व्यक्तिलाई राखी पब्लिक प्रसिक्यूटर तथा पुलिस कर्मचारीले अपराधका सम्बन्धमा त्यस्तो व्यक्तिहरूले देखे सुने बुझेको जे जे छ यथार्थ कुरा खुलाई मुचुल्का गराउनुपर्छ। त्यस ठाउँमा कसैको घरको खान तलाशी गर्नुपर्ने देखिए तत्सम्बन्धी मुचुल्का र ज्यान मरेको केशमा त्यस ठाउँमा लास भए लास जांच मुचुल्का-समेत गराउनुपर्छ।

तर कुनै व्यक्तिको नाम लेख्न लेखाउन छुट्यो भन्ने कारणले मात्र यो नियम बमोजिमको मुचुल्का बेरीतको मानिने छैन।

५. मौका तहकीकात सम्बन्धी कार्यविधि:— (१) पुलिस कर्मचारीले कुनै फौज्दारी मुद्दा सम्बन्धी अपराध हुन आंटेको सुराक पाई वा आशंकाले सुराक लिन गएका बखत वा अरू कुनै व्यहोराले आफ्नो उपस्थितिमा त्यस्तो अपराध भएको देखेमा तुरुन्त अभियुक्त-लाई पक्री घटनास्थलमा अपराध भएको देख्ने व्यक्तिहरूको उपस्थितिमा निज अभि-युक्तको ठाडो कागज गराई दसीको माल सामान र अपराधसंग सम्बन्धित प्रमाण लाग्ने अरू चीज वस्तु रहेको स्थानलाई मौका तहकीकात नभएसम्म रोक्का राख्न सक्तछ।

(२) उपनियम (१) बमोजिम कारवाइ गर्ने पुलिस कर्मचारीले मौका तहकी-कात गर्न नियम अनुसार तोकिएको दर्जाको आफू रहेनछ भने बाटाको म्याद बाहेक अभियुक्तलाई पक्रेको साधारणतया बाह्र घण्टाभित्र सकभर चांडो मौका तहकी-कातलाई अधिकृत पुलिस कर्मचारीको अफिसमा पुर्‍याउनुपर्छ।

(३) उपनियम (१) बमोजिम आफ्नो उपस्थितिमा अपराध भएको तर कुनै कारणले अभियुक्त पक्राउ हुन नसकेकोमा घटनास्थलमा देख्ने व्यक्ति भए निजलाई गवाह खडा गरी र अरू सबूद प्रमाणको सुरक्षाको आवश्यक प्रबन्ध मिलाई सम्बन्धित पुलिस कर्मचारीले मौका तहकीकात गर्न नियम ७ अनुसार तोकिएको दर्जाको आफू रहेनछ भने उपनियम (२) बमोजिमको म्यादभित्र मौका तहकीकातलाई अधिकृत पुलिस कर्मचारीछेउ खबर गर्नुपर्छ।

(४) उपनियम (२) बमोजिम अभियुक्त पक्राउ भई आएपछि वा उपनियम (३) बमोजिम खबर प्राप्त भएपछि मौका तहकीकातलाई अधिकृत पुलिस कर्मचारीले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित पब्लिक प्रसिक्यूटरलाई लिई बाटाको म्याद बाहेक अपराध भएको वा अभियुक्त पक्राउ भएको साधारणतया चौबीस घण्टाभित्र सकभर चांडो घटनास्थलमा पुग्नुपर्छ ।

(५) उपनियम (१) बमोजिम कारवाइ गर्ने पुलिस कर्मचारी नियम ७ अनुसार तोकिएको दर्जाको रहेछ भने निजले सोझै सम्बन्धित पब्लिक प्रसिक्यूटरलाई खबर गर्नुपर्छ र पब्लिक प्रसिक्यूटरले पनि सो खबर पाएको साधारणतया चौबीस घण्टाभित्र सकभर चांडो घटनास्थलमा उपस्थित हुनुपर्छ ।

(६) उपनियम (४) वा (५) बमोजिम घटनास्थलमा पुग्नुपर्ने कर्मचारी पुगेपछि अपराधका सम्बन्धमा नियम ४(२) अनुसारका व्यक्तिहरूले देखे जाने सुने बुझेको जे जे छ यथार्थ कुरा खुलाई पब्लिक प्रसिक्यूटर तथा पुलिस कर्मचारीले मुचुल्का गराउनु पर्छ । घटनास्थलमा कसैको घर खान तलाशी गर्नुपर्ने देखिए तत्सम्बन्धी मुचुल्का र ज्यान मरेको केशमा त्यहां लाश भए लाश जांच मुचुल्कासमेत गरा उनुपर्छ ।

तर कुनै व्यक्तिको नाम लेख्न लेखाउन छुट्यो भन्ने कारणले मात्र यो नियम बमोजिमको मुचुल्का बेरीतको मानिने छैन ।

६. पुलिसद्वारा अन्य सबूद प्रमाण संकलन गर्दाको:– कुनै फौज्दारी मुद्दा सम्बन्धी अपराधको तहकीकातका सिलसिलामा सरजमीन वा मौका तहकीकात बाहेक पुलिसले अघि पछि अन्य सबूद प्रमाण संकलनको कारवाइ गर्दा पब्लिक प्रसिक्यूटरसमेत संमिलित भई निजको उपस्थितिमा गरिरहनु पर्दैन ।

तर त्यस्तो कारवाइका सम्बन्धमा पुलिसले पब्लिक प्रसिक्यूटरसंग आवश्यक परामर्श गर्नुपर्छ ।

७. कतिपय काम तोकिएका दर्जाका पुलिस कर्मचारीले गर्ने:– देहायका फौज्दारी मुद्दा सम्बन्धी अपराधको सरजमीन वा मौका तहकिकात र त्यस्तो मुद्दा चलाउने पुलिस रिपोर्ट देहायका दर्जाका पुलिस कर्मचारीले गर्नेछन्:–

(क) ऐनको अनुसूची १ को नं. १ र २ का सम्बन्धमा कम्तीमा डी. एस. पी. दर्जासम्मकाले ।

(ख) ऐनको अनुसूची १ को नं. ३ र ४ को सम्बन्धमा कम्तीमा इन्स्पेक्टर दर्जासम्मकाले ।

(ग) ऐनको अनुसूची १ को नं. ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५ र १६ का सम्बन्धमा कम्तीमा सब–इन्स्पेक्टर दर्जासम्मकाले ।

तर–

(१) ऐनको दफा ३ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको अवस्थामा सोही बमोजिम कम्तीमा

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सब-इन्स्पेक्टर दर्जासम्मका पुलिस कर्मचारीले मौका तहकीकात वा सरजमीन गर्न सक्नेछ ।

(२) कुनै जिल्ला इलाकामा यस नियममा तोकिए बमोजिमको दर्जा भएको पुलिस कर्मचारी नरहेकोभए वा रहेको भएपनि अनुपस्थित भए सो तोकिएको दर्जाभन्दा मुनिको र असिष्टेंट सब-इन्स्पेक्टरभन्दा माथिका कुनै पुलिस कर्मचारीले सम्बन्धित अपराधको सरजमीन वा मौका तहकीकात गर्न सक्नेछन् ।

८. अभियुक्तलाई पक्रँदा, पुलिस हिरासतमा राख्दा र छाड्दाको:- (१) फौज्दारी मुद्दाको अभियुक्तलाई पुलिसले तहकीकातका सिलसिलामा खोज तलाश गरी पक्रने भरमग्दूर कोशिश गर्नुपर्छ ।

(२) उपनियम (१) बमोजिम पक्राउ भएका अभियुक्तलाई ऐनको दफा ७(४) को रीत बमोजिम मात्र पुलिस हिरासतमा राख्न सकिनेछ ।

(३) उपनियम (२) बमोजिम पुलिस हिरासतमा रहेका अभियुक्तका हकमा हिरासतको अवधि भुक्तान नहुँदै तहकीकात पूरा गरी ऐनको दफा ३(४) बमोजिम अदालतमा दाखिल गर्नुपर्छ अथवा ऐनको दफा ३(५) बमोजिम छाडिदिनुपर्छ ।

(४) अभियुक्त फेला नपरेको भनी तहकीकात पूरा गरी अदालतमा दायर भएको फौज्दारी मुद्दामा अदालतले प्रचलित नेपाल कानून बमोजिम पक्राउ गर्नुपर्ने आवश्यक देखेका अभियुक्तकाहकमा पब्लिक प्रसिक्यूटर मार्फत पक्राउ पुर्जी पुलिसलाई पठाउनेछ । सो बमोजिम अभियुक्त पक्राउ भएमा बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र सकभर चांडो अदालतमा उपस्थित गर्नुपर्छ र त्यस्ता अभियुक्तको बयान कागज पुलिसमा गराइरहनु पर्दैन ।

९. बेइलाकाको फौज्दारी मुद्दा सम्बन्धी अपराधको तहकीकात:-(१) देहायका अवस्थामा कुनै फौज्दारी मुद्दा सम्बन्धी अपराधको तहकीकात बेइलाकाको पुलिस कर्मचारी वा पब्लिक प्रसिक्यूटरले गर्न सक्तछ-

(क) श्री ५ को सरकारको आदेश भएमा ,

(ख) कसैले आफ्नो इलाकाको पुलिस चौकी वा ठाना टाढा पर्ने भई तुरुन्त तहकीकात हुनुपर्ने अवस्था देखाई नियम ३ बमोजिम दरखास्त दिए वा पठाएमा ।

(२) उपनियम (१) को खण्ड (क) बमोजिम केशमा तहकीकात पूरा भए-पछि त्यसलाई इलाकाको सम्बन्धित पुलिस अफिसमा पठाइनेछ र सम्बन्धित पब्लिक प्रसिक्यूटरमार्फत अदालतमा दायर हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिमको केशमा तहकीकात शुरू गरी तुरुन्त इलाकाका सम्बन्धित पुलिस कर्मचारी वा पब्लिक प्रसिक्यूटरलाई खबर गर्नुपर्छ र त्यस्ता कर्मचारी आएपछि तदुपरान्तको कारवाइलाई सो केश बुझाइदिनु पर्छ।

१०. तहकीकातको काममा सहयोग गर्ने:– पुलिस कर्मचारी वा पब्लिक प्रसिक्यूटरले कुनै फौज्दारी मुद्दा सम्बन्धी अपराधको तहकीकातको कामलाई चाहिने सरकारी कर्मचारीको मद्दत मांगेमा आफ्नो काम नरोकिने हिसाबसंग आवश्यक मद्दत दिनु प्रत्येक सरकारी अफिसको कर्तव्य हुनेछ।

११. फौज्दारी मुद्दाको दायरी र तत्सम्बन्धी कार्यविधि:– (१) अदालतमा फौज्दारी मुद्दा पब्लिक प्रसिक्यूटर मार्फत दायर गर्न चलान गर्दा मौका तहकीकात वा सरजमीन भएका मितिले बाटाको म्याद बाहेक साधारणतया तीन दिनभित्र अनुसूचीको फाराम नं. २ बमोजिमको ढांचामा तयार गरिएको पुलिस रिपोर्टसहितको फाइल सक्कल र एकप्रति त्यसको रीतपूर्वकको नक्कलसमेत तयार गरी तहकीकात गर्ने पुलिस कर्मचारीले भ्याए आफैं र आफैले नभ्याए आफ्ना अधीनस्थ जानिफकार पुलिस कर्मचारीका जिम्मा दिई पठाई पब्लिक प्रसिक्यूटरसंग सम्पर्क राख्नुपर्छ।

(२) अदालतमा फौज्दारी मुद्दाहरू दायर गर्नेलाई अदालतले अड्डा लाग्ने टायमभित्र यति बजेदेखि यति बजेसम्म ल्याइमा लिने भनी सामान्य आदेशद्वारा समय तोकिदिइराख्नुपर्छ।

(३) उपनियम (२) बमोजिम तोकिएको समयको ख्याल राखी सो बमोजिम फौज्दारी मुद्दा दायर गर्न यथासम्भव अघिल्लै दिन सबै प्रबन्ध मिलाई भोलिपल्ट पब्लिक प्रसिक्यूटरले सम्बन्धित पुलिस कर्मचारीका साथ अभियुक्त भए निजलाई समेत लिई अदालतमा उपस्थित भई पुलिस रिपोर्टसहितको सक्कल केश फाइल दाखिल गरी मुद्दा दायर गर्नुपर्छ। सो केश फाइलको नक्कल प्रति पब्लिक प्रसिक्यूटरले आफूसंग राखिछाड्नु पर्छ र आफ्नो वा पुलिस स्टाफको मद्दतले सो प्रतिलिपि केश फाइलमा पछि अदालतमा उठेका आवश्यक कागजातको नक्कलसमेत समय समयमा लिई लिन लगाई पूरा गरी राख्नु पर्छ। त्यसको लागि अनुरोध गरिएका अदालतले भ्याए अदालतका तर्फबाटै र नभ्याए पब्लिक प्रसिक्यूटर वा पुलिस कर्मचारीका तर्फबाट सारी लिएमा समेत नक्कल दस्तूर नलिई दिनुपर्छ।

तर असिष्टेंट पब्लिक प्रसिक्यूटरमा पदेन, नियुक्त सरकारी कर्मचारीले अदालतमा मुद्दा दायर गर्दा स्वयं उपस्थित हुनुपर्ने छैन र त्यस्तो कर्मचारीहरू अरू अड्डाको भए चलानीपत्रसाथ अदालतमा मुद्दा पठाउन सकिनेछ।

(४) उपनियम (३) बमोजिम दायर भएको फौज्दारी मुद्दामा पुलिस कर्मचारीवा पब्लिक प्रसिक्यूटरलाई तारेखमा राखिने छैन तर अदालतले त्यस्ता मुद्दाको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारवाइ निर्णयलाई समय समयमा तोकेको तारेखको सूचना पब्लिक प्रसिक्यूटरलाई दिनेछ ।

(५) अदालतले खोजेको सरकारी पक्षको गवाहलाई उपस्थित गराउने दिनको सूचना पब्लिक प्रसिक्यूटरलाई दिनेछ र त्यस्तो सूचना पाएपछि पब्लिक प्रसिक्यूटरले लेखि पठाएमा निर्धारित स्थान र समयमा उपस्थित गराउने कर्तव्य सम्बन्धित पुलिस कर्मचारीको हुनेछ ।

१२. फौज्दारी मुद्दा दायर भएपछि फेला परेको सबूद प्रमाण पेश गर्ने:— नियम ११ बमोजिम दायर भइसकेका फौज्दारी मुद्दाका सम्बन्धमा पुलिस वा अरू कसैले सबूद प्रमाण लायकको कुनै माल सामान वा लिखतपत्र पाएमा सरोकारवाला पब्लिक प्रसिक्यूटरलाई दिनुपर्छ र निजले पनि अदालतमा सो मुद्दाको तारेख दिन नभएपनि तुरुन्त निवेदन पत्रसाथ पेश गर्नुपर्छ वा पेश गर्न पठाउनु पछ ।

१३. देवानी तथा स्रेस्ता सम्बन्धी मुद्दाको कार्यविधि:— देवानी तथा स्रेस्ता सम्बन्धी मुद्दाको नालेश दायर गर्नेसमेतको कार्यविधि आवश्यक परिवर्तनका साथ नियम ११ मा लेखिए बमोजिम हुनेछ ।

तर सो सम्बन्धमा आवश्यक कागजपत्र जुटाइदिने र गवाह उपस्थित गराउने-समेतको कर्तव्य ऐनको दफा ४(२) अन्तर्गत तोकिएका अफिसरको हुनेछ ।

१४. सरकारी मुद्दामा दस्तूर इत्यादि नलाग्ने:— अदालतमा फौज्दारी मुद्दा वा देवानी तथा स्रेस्ता सम्बन्धी मुद्दा दायर गर्दा र सो गरे बापत सरकारी पक्षलाई कुनै दस्तूर वा दण्ड जरिवाना लाग्दैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

फाराम नं. १

(को नाम) चौकी (ठानाले भन)

( )

पुलिस चौकी । ठाना .... दर्ता नं. .....

दर्ता मिति:... .....

दरखास्त

(१) उजूरवाला वा जाहेरवालाको नाम, थर, वतन:– .....

(२) कुन मुद्दा सम्बन्धी अपराधबारे उजूर वा जाहेर गरेको हो:– ....

(३) उजूरी वा जाहेरीको व्यहोरा:– ....

....

(४) अपराधबारेको सबूद प्रमाण:– .....

(५) यो दरखास्तको व्यहोरा ठीक साँचो छ । झुट्ठा व्यहोरा लेखेको ठहरे कानून बमोजिम सहुँला बुझाउँला । पुलिसद्वारा केश तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाका बखत उपस्थित हुनुपर्ने जनाउ पाएमा सो बमोजिम उपस्थित हुनेछु ।

मिति:– .....

(दरखास्त गर्ने उजँरवाला वा जाहेरवालाको सहिछाप)

नोट:– दरखास्तवालाले माथि नं. २ मा उल्लेख गरिए बमोजिमको व्यहोरा आफूले खुलाई लेख्न नसकेमा सम्बन्धित पुलिस कर्मचारीले सो कुरा खुलाई लेख्न सक्नेछ ।

भरपाई

..... (फलाना) मुद्दासम्बन्धी अपराधबारे..... (फलाना) ठाउँ। बस्ने ..... (फलानाको) ..... मिति.... को दरखास्त प्राप्त भई यस पुलिस चौकी— ठानाको स्रेस्तामा नं. मिति मादर्ता भयो ।

पुलिस चौकी ।ठानाको नाम...

मिति... अफिसको छाप

(पुलिस चौकी) ठानाका मुख्य कर्मचारीको दर्जासहितको दस्तखत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम नं. २

(अदालतले भर्ने)

दर्ता नं. .....

( )

दर्ता मिति..... .....

..... अदालत .... मा

सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को दफा ३(४) अन्तर्गत दाखिल गरेको

पुलिस रिपोर्ट

(..... सालको नम्बर.....)

श्री ५ को सरकार----------वादी

विरुद्ध

..... ------- प्रतिवादी

मुद्दा:-.....

केशको व्यहोरा

(१)....

(२).....

(३).....

अभियोग

( ).....

( ).....

( ).....

सबूद प्रमाण

( ) गवाह:-

देख्ने

(क).....

(ख)...

(ग)...

(घ)...

(ङ)...

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च)...
(छ)...

सुन्ने

(क).....
(ख)....
(ग).....
( )
( )
( )

( ) दसीको माल सामान वा अपराधसंग सम्बन्धित प्रमाण लाग्ने अरू चीज वस्तु :— (क).....
(ख)...
(ग)...
( )...
( )....
( )....

( ) प्रस्तुत कागजपत्र:— (क).....
(ख)....
(ग)....
( )....
( )....
( )....

( ) यो रिपोर्टबाट मुद्दाको कारवाइ शुरू गर्न अदालतसंग सादर अनुरोध गरिन्छ ।

मिति... (पब्लिक प्रसिक्यूटरको दस्तखत) (पुलिस कर्मचारीको दस्तखत)

अफिसको नाम अफिसको नाम

अफिसको छाप अफिसको छाप

नोट:— १ अभियोगको कुरा लेख्दा ऐनको दफा ३(४) को खण्ड (क) र (ख) बमोजिम खुलाउनुपर्ने कुरा समेत सोही सिलसिलामा पुलिस कर्मचारी र पब्लिक प्रसिक्यूटरले खलाई लेख्नुपर्छ । कसैमाथि अभियोग लगाउन नसकिने भए सोही व्यहोरा जनिएको हुनुपर्छ ।

६७४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. तहकीकातबाट अभियुक्त देखिएका सबैको नाम, थर, वतन मुद्दाका पक्षको नाम लेख्ने ठाउँमा सिलसिला नम्बर दिई लेख्नुपर्छ। अभियुक्त यही हो भन्ने नदेखिएको वा खुल्न नसकेकोमा माथिको ढांचामा "श्री ५ को सरकार वादी विरुद्ध....प्रतिवादी" भन्ने खुलाइरहनु पर्दैन।

३. सबूद प्रमाण कागजपत्रका हकमा जो भएको माथिको ढांचामा मिलाई लेख्नुपर्छ।

आज्ञाले–
उदयप्रसाद उपाध्याय
श्री ५ को सरकारको सह सचिव
कानून तथा न्याय मन्त्रालय।

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्र छापाखानामा मुद्रित

४७२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।